**INSEC Documentation**

सुदुर सन्देश राष्ट्रिय दैनिक २०६७ चैत्र २ गते पेज नं. ४

# द्वन्द्वपीडित सम्बन्धी एकदिने अन्तरक्रिया

धनगढी, १ चैत (सुस)।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय धनगढीको आयोजनामा मंगलबार दरख गाविसस्तरीय एकदिने द्वन्द्वपीडित सम्बन्धी सार्वजनिक अनुभव आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ।

यो कार्यक्रम सशस्त्र द्वन्द्वमा राज्य तथा माओवादी दुवै पक्षद्वारा पीडित परिवारका सदस्यहरू, एमाओवादी, कांग्रेस, जनअधिकार फोरम लोकतान्त्रिक लगायत स्थानीय राजनीतिक दल र नागरिक समाजको उपस्थितिमा भएको हो। यो अवसरमा द्वन्द्वपीडित भोगेको समस्या र विगतमा द्वन्द्वको सिकाइका बारेमा एक अर्का बीचमा विचारहरू आदान प्रदान गरिएका थिए।

कार्यक्रमका प्रमुख अतिथि इन्सेक क्षेत्रीय संयोजक खड्कराज जोशीले द्वन्द्व पीडितहरूलाई उचित न्याय र परिपूरण दिएमा मात्र नेपालमा द्वन्द्वरूपान्तरणमा सहज हुने बताउनुभयो। इन्सेकद्वारा सञ्चालित शान्ति, लोकतन्त्र र मानव अधिकार परियोजना उद्देश्य तथा कार्यक्रमको बारेमा सहभागीहरूलाई जानकारी समेत गराइएको थियो।

स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूले द्वन्द्वपीडितको उचित राहत तथा क्षतिपूर्तिका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। कार्यक्रममा द्वन्द्वपीडितहरू मध्ये अपाङ्गहरूले राज्यबाट कुनैपनि सहयोग नपाएकोले यो पहल गरीदिनकैलाई आग्रह समेत गरेका थिए।

आरडीआइएफ परियोजना दरख गाविसस्तरीय पुर्नमिलन समूहका अध्यक्ष जनकवीर चौधरीको अध्यक्षतामा भएको यो कार्यक्रमको सञ्चालन इन्सेक जिल्ला संयोजक सिद्धराज ओझाले गर्नुभएको थियो।